# सिमकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल


प.स.२०७६/७७ मिति:-२०७६/१०/२१
च.न. 659

विषय : तथ्याङ्क संकलन सम्बन्धमा ।

श्री सबै वडा कार्यालय
सिमकोट गाउँपालिका

प्रस्तुत विषयमा च.नं. ३५६ मिति २०७६/०९/०९ को रास्ट्रीय बाल अधिकार परिषद्को पत्र अनुसार तहाँ वडा कार्यालयमा रहेका बाबु आमा विहिन बालबालिकाको तथ्याङ्क संकलन गरी १ प्रति यस गाउँपालिकाको सूचना प्रविधि शाखामा ७ वित्र पठाई आवश्यक सहयोग गरिदिनु हुन् अनुरोध छ ।



फोन न.-०९७७-०८७६८००९४,९८५८३२०१९२वेवसाइड-www.simkotmun.gov.np
इमेल:-ito.simkotmun@gmail.com

## सूचना सङ्कलन तथा व्यवस्थापन फारम
# अनाथ बालबालिकाको सुनिश्चित भविष्यका लागि
# "राज्य: बालबालिकाको अभिभावक"

---

**क. पृष्ठभूमि**

१. संयुक्त राष्ट्रसंघको बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा २० मा आमाबाबुविहीन तथा अनाथ बालबालिकाको संरक्षण हुने व्यवस्था गर्नु राज्यको जिम्मेवारी हुने व्यवस्था रहेको छ । नेपालको संविधान, २०७२ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण राज्यले गर्ने भन्ने व्यवस्था भएको छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अनाथ बालबालिका तथा अन्य कारणले जोखिममा रहेका बालबालिकाको व्यवस्थापनको अख्तियारी स्थानीय सरकारलाई दिइएको छ भने बालबालिकासम्बन्धी ऐन, २०७५ मा पनि अनाथ बालबालिकाको संरक्षणको व्यवस्था भएको छ । आमाबाबु दुवैविहीन वा आमाबाबु दुवै हुँदाहुँदै पनि शारीरिक वा मानसिक कारणले आफ्ना बालबालिकाको लालनपालन गर्न असमर्थ भएका एवम् आमाबाबुमध्ये कुनै एकमात्र जीवित भए पनि बालबालिकाको लालनपालन गर्न समस्या भएका बालबालिकालाई मूलतः राज्य संयन्त्रबाट लालनपालन तथा संरक्षणको जिम्मेवारी लिनु बाल अधिकार एवम् मानव अधिकारको दृष्टिकोणबाट आवश्यक हुन्छ ।

२. यस सम्बन्धमा प्रत्येक पालिका, प्रदेश र देशभरबाट बाबुआमाविहीन तथा राज्यबाट विशेष संरक्षण प्रदान गर्नुपर्ने बालबालिकाको सूचना सङ्कलन गरी अध्यावधिक गर्नुपर्ने आवश्यकता रहेको छ । उक्त बमोजिमको सूचनाको आधारमा राज्य संयन्त्रबाट (स्थानीय तह, प्रदेश तह र संघीय तह) बाबुआमाविहीन तथा राज्यबाट विशेष संरक्षण प्रदान गर्नुपर्ने बालबालिकाका लागि आवश्यक संरक्षण सहयोगको व्यवस्था गरी राज्यबाट त्यस्ता बालबालिकाको अभिभावकत्व ग्रहण गर्ने सोच रहेको छ । यसबाट उक्त बालबालिकाको आधारभूत आवश्यकता परिपूर्ति भई उनीहरुको व्यक्तित्व विकासमा योगदान पुर्‍याउने र बाल अधिकार प्रत्याभूत गर्ने उद्देश्य लिइएको छ ।

३. यस उद्देश्य अनुरुप सूचनामूलक ढङ्गबाट नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनको कार्य प्रभावकारी बनाउन संलग्न फारम अनुसार प्रत्येक पालिकाबाट सूचना सङ्कलन गर्न लागिएको छ । **त्यसैले प्रत्येक पालिकालाई संलग्न फारम अनुसारको सूचना सङ्कलन गरी सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्मा २०७६ साल माघ महिनाको मसान्तसम्ममा पठाई सहयोग गरी दिनुहुन अनुरोध गरिन्छ ।**

४. *संघीय संरचना कार्यान्वयनमा आएपछि स्थानीय सरकारले अनाथ वा सीमान्तिकृत समुदायका बालबालिकाका लागि शुरु गरेका केही उल्लेखनीय कार्यहरु निम्नानुसार रहेको जानकारीमा आएको छ :*

- *डोटीको सायल गाउँपालिकाले गाउँपालिका क्षेत्रका अनाथ बालबालिकालाई पढाई खर्च बापत आर्थिक वर्ष २०७५/०७६ देखि प्रत्येक महिना रु. १,५००। सहयोग गर्ने कार्य शुरु गरेको छ ।*
- *बैतडीको दोगडाकेदार गाउँपालिकाले आर्थिक वर्ष २०७५/०७६ देखि विद्यालय उमेर समूहका १८ बर्षमुनिका टुहुरा बालबालिकालाई मासिक रु. २,०००। भत्ता दिने कार्य शुरु गरेको छ ।*
- *रामेछापको खाँडादेवी गाउँपालिकाले सीमान्तिकृत र विपन्न थामी समुदायका सम्पूर्ण बालबालिकाको पढाई खर्च आर्थिक वर्ष २०७५/०७६ देखि व्यहोर्ने भएको छ ।*



Scanned by TapScanner

## सूचना संकलन फारमको नमुना
## (प्रत्येक बाबुआमाविहीन बालबालिकाको लागि)

१. प्रदेश: .................. २. जिल्ला: .................. ३. पालिका: ...................... ४. वडा नं: ........

५. गाउँ/टोल/बस्ती: ...............

६. बालबालिकाको नाम: ........................ ७. थर: ...................... ८. बालक/बालिका: ............

९. जन्म मिति: .................... १०. बाबु बितेको वर्ष: .............. ११. आमा बितेको वर्ष: ..............

१२. बाबुतिरको नातेदार को को छन् .......................................

१३. आमातिरको नजिकको नातेदार को को छन् ..........................................

१४. हाल को सँग बसिरहेको ?: व्यक्ति .................. वा संस्था...................

१५. अध्ययन गरिरहेको विद्यालयको नाम: ...............................१६. पढीरहेको कक्षा: ................

१७. विद्यालय नगएको भए हाल के गरिरहेको ..........................

१८. कुनै अपाङ्गता छ? .................. १९. छ भने कुन किसिमको ...........

२०. परिवार वा आफन्तमा नबसिरहेको भए हाल कहाँ ...............

२१. सम्पर्क फोन नं ....................................

**नोट: प्रत्येक पालिकाले वडामार्फत उपयुक्त तथ्याङ्क यथाशक्य चाँडो सङ्कलन गर्ने व्यवस्था हुन आवश्यक रहेको ।**

Scanned by TapScanner

# सूचना संकलन फारमको नमुना

## (प्रत्येक पालिकाको लागि)

प्रदेश:

जिल्ला:

पालिका:

| क्र.सं | बालबालिकाको पूरा नाम | बालक वा बालिका | जन्ममिति वा वर्ष | विद्यालय गइरहेको | विद्यालय नगएको | हालकोसँग बसीरहेको? | कुनै अपाङ्गता छ? | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |
| ६. | | | | | | | | |
| ७. | | | | | | | | |
| ८. | | | | | | | | |
| ९. | | | | | | | | |

**नोट: प्रत्येक पालिकाले वडामार्फत सङ्कलित तथ्याङ्क यो फारममा भरी प्रदेश सामाजिक विकास मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्, पुल्चोकमा २०७६ माघ महिनाको मसान्तसम्ममा पठाउन अनुरोध छ ।**